... गाउँपालिका
... गाउँपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

# रघुगंगा बालश्रममुक्त गाउँपालिका घोषणा सम्बन्धी प्रतिवेदन।

## १.परिचयः

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । कुनै पनि व्यक्तिलाई इच्छा विपरित काममा लगाउन, बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने गरी शोषण विरुद्धको हक प्रदान गरेको छ । त्यसैगरी कुनैपनि बालबालिकाहरु लाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाउनुका साथै प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ । जोखिममा रहेका बालबालिकाहरुलाई विशेष शिक्षा प्रदान गर्दै बालश्रम लगायत सबै श्रम शोषणको अन्त्य गर्ने गरी संविधानले नै राज्यलाई नीतिगत मार्ग निर्देश गरेको छ । श्रम ऐन, २०७४ ले श्रम शोषणका सबै अवस्थाको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाइने व्यवस्था गरेको छ । बालश्रम ऐन, २०५६ ले पनि उमेर नपुगेका बालबालिकाहरुलाई श्रमिकको रुपमा काममा लगाउन निषेध गरेको छ ।

बाल अधिकार संरक्षण एवं बालश्रम न्युनिकरणको लागि विगतमा भए गरेका प्रयासहरुको फलस्वरुप यस क्षेत्रमा धेरै सुधार भएको छ । यस अघि पनि मुलुकमा बालश्रम निवारण गर्ने ध्येयका साथ बालश्रम राष्ट्रिय गुरुयोजना (२०६१–२०७१) तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । यसबाट बालश्रमिकको संख्यामा कमी आउनुको साथै बालश्रम निबारणका लागि महत्वपुर्ण आधार तयार भएको छ । तथापि पूर्ण रुपमा बालश्रम निवारण गर्ने कार्य भने चुनौतिपुर्ण नै रहेको छ । तसर्थ बालबालिकाको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा नेपालको संविधानले गरेको बालश्रम रहित नेपालको परिकल्पना साकार पार्न विद्यमान नीतिगत एबम् कानुनी व्यवस्थालाई व्यवहारमा उतार्ने तथा यस सम्बन्धमा भए गरेका स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिबद्धता पुरा गर्न निश्चित कार्ययोजना सहित योजनाबद्ध रुपमा अगाडि बढाउन जरुरी देखिएको छ ।

उपयुक्त सन्दर्भमा नेपाल सरकारको नीति, कानून तथा कार्यक्रममा बालश्रम निवारणको एजेण्डालाई मूलप्रवाहीकरण गर्ने, संस्थागत क्षमता अभिवृद्धी मार्फत बालश्रम निवारणको लागि उपयुक्त वातावरण सिर्जना गर्ने, प्रत्यक्ष रुपमा लक्षित कार्यक्रम संचालन गरी सामाजिक पुर्नस्थापना एवम् एकीरण गर्ने र सरोकारवालाहरु विच सम्पर्क सन्जाल निर्माण गरी सहकार्य एवं साझेदारी मार्फत बालश्रम निवारण गर्न सकिन्छ । बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५- २०८५) ले वि.सं २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारका बालश्रम निवारण गर्ने र वि.सं २०८२ सम्ममा सबै प्रकारको बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय योजना आयोगको मध्यमकालीन खर्च संरचना (MTEF)आ.व २०७८/७९-२०८०/८१ ले आ.व २०७८/०७९ मा बालश्रम मुक्त हुने स्थानीय तहको संख्या ५० तोकेको छ।

अमृत सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०७७ बमोजिम वडा समितिको निर्णयबाट वडाहरु र कार्यपालिकाको सिफारिसबाट गाउँपालिकालाई बालश्रममुक्त घोषणा गर्ने प्रावधान रहेको छ। सो अनुसार रघुगंगा गाउँपालिकाका सबै वडाहरु वडा समितिको निर्णयबाट मिति २०७८।०९।५ गते देखि २०७८।०९।८ भित्र बालश्रममुक्त घोषणा भएका थिए भने मिति २०७८।०९।०८ को कार्यपालिका बैठकको सिफारिसमा २०७८।०९।०९ को गाउँसभाले गाउँपालिकालाई बालश्रममुक्त घोषणा गरेको छ। समितिले मात्र निर्णय गर्दा समुदायले अपनत्व ग्रहण नगर्ने जोखिम कायम रहने भएकाले सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक कार्यक्रम गरी घोषणाको जानकारी गराईएको र बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता लिइएको थियो। कार्यक्रममा वडा भित्रका यातायात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, यूवा क्लब, आमा समूह, जनप्रतिनिधिहरुको उपस्थितिमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

बालश्रममुक्त गाउँपालिका घोषणा गर्ने पृष्ठभूमिका सम्बन्धमा मिति २०७७ पौष २८ देखि माघ १२ सम्म गाउँपालिकाका ११०० घरधुरी सर्वेक्षण गरिएको थियो। सर्वेक्षणका आधारमा बालश्रममा प्रत्यक्ष संलग्न भएका बालबालिकाहरु फेला परेनन्। पारिवारिक आर्थिक अवस्था अत्यन्त नाजुक भएका कारण बेलाबखत श्रममा संलग्न हुने बालबालिकाहरु भने फेला परेका थिए। यस्ता १५० जना बालबालिकाहरुलाई जोखिमयुक्त अवस्थाका बालबालिका भनी वर्गीकरण गरिएको थियो। बालश्रममा संलग्न भएका बालबालिकाहरु लाई श्रमबाट मुक्त गर्ने, परिवारका लागि दिगो रोजगारी सिर्जना गर्न सिपमूलक तालिम सञ्चालन गर्ने, भर्ना अभियान सञ्चालन गर्ने, शैक्षिक सामाग्री वितरण गर्ने, मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने, अभिभावक विहीन बालबालिका फेला परेमा अभिभावकत्व ग्रहण गर्ने जस्ता उद्देश्यहरुले यो कार्यक्रम सञ्चालन गरिएको हो।

रघगंगा १ बेगखोलामा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री बिल बहादुर फगामी ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०५ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।०७ गते औपचारिक रुपमा रघुगंगा १ बेगमा आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका यातायात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, यूवा क्लब, आमा समूह, जनप्रतिनिधिहरुको उपस्थितिमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा बालश्रम प्रयोग नगर्नका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राख्नु भएको थियो । मन्तव्य पछि घरधुरी सर्भेक्षणाबाट पहिचान भएका १४ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री, विद्यालय पोशाक र

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

झोला वितरण गरिएको थियो। सरोकारवालाहरुले बालबालिकाहरु लाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

रघगंगा ३ पिप्लेमा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री जिवन कुमार मल्ल ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०७ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।११ गते औपचारीक रुपमा रघुगंगा ३ पिप्लेमा आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ८२ जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सरोकारवालाहरुले मन्तव्य राख्नु भएको थियो । मन्तव्य पछि घरधुरी सर्वेक्षणबाट पहिचान भएका २८ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरु लाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातायात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/सस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक,यूवा क्लब,आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरुलाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

रघगंगा ४ दग्नाममा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री रुक बहादुर गर्वुजा ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०५ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१२ गते रघुगंगा ४ दग्नाम आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ६८ जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राख्नु भएको थियो । मन्तव्य पछि घरधुरी सर्भेक्षणाबाट पहिचान भएका ११ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, यूवा क्लब, आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरु लाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

रघगंगा ५ झींमा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री मन बहादुर शेसमङ्गा ज्यूको अध्यक्षतामा

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७८।०९।०७ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१३ गते औपचारीक रुपमा रघुगंगा ५ झिंमा आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ८४ जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राखु भएको थियो । मन्तव्यपछि घरधुरी सर्भेक्षणाबाट पहिचान भएका २३ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, यूवा क्लब, आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरु लाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

रघगंगा ६ पाखापानीमा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री मन कुमार सेरपुञ्जा ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०७ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१४ गते रघुगंगा ६ पाखापानी आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ५२ जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राखु भएको थियो । मन्तव्य पछि घरधुरी सर्भेक्षणाबाट पहिचान भएका २० जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/सस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक,यूवा क्लब,आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरु लाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए।

रघगंगा ७ चिमखोलामा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री देउ प्रसाद पुन ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०६ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१५ गते औपचारीक रुपमा रघुगंगा ७ चिमखेलामा आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ७५ जनाको उपस्थितिमा कार्यक्रम, सञ्चालन गरिएको थियो। कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राखु भएको थियो

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

।मन्तव्य पछि घरधुरी सर्भेक्षणबाट पहिचान भएका २१ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/सस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक,यूवा क्लब,आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरुलाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।

रघगंगा ८ कुइनेमंगलेमा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री गमन छन्त्याल ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०७ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१६ गते रघुगंगा ८ कुइने मंगलेमा आयोजित बालश्रममुक्त वडा घोषणा कार्यक्रममा वडा भित्रका ६५ जनाको उपस्थीतिमा कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राख्नु भएको थियो ।मन्तव्य पछि घरधुरी सर्भेक्षणबाट पहिचान भएका ११ जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न संघ/सस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक,यूवा क्लब,आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरुलाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।

रघगंगा २ भगवतीमा घरधुरी सर्भेक्षण गर्दा प्राप्त विवरणको आधारमा बालश्रमिक फेला नपरेको र बालश्रममुक्त वडा घोषणा गर्नका लागि सूचक पूरा भएको हुनाले वडाअध्यक्ष श्री रिम बहादुर कटुवाल क्षेत्री ज्यूको अध्यक्षतामा मिति २०७८।०९।०७ गते बसेको वडासमितिको बैठकले बालश्रममुक्त वडा घोषणा गरेको थियो। समितिबाट बालश्रममुक्त वडा घोषणा गरेसँगै बालश्रमका विरुद्ध चेतना जगाउनका लागि र प्रचारप्रसार गर्नका लागि मिति २०७८।०९।१९ गते रघुगंगा २ भगवतीमा आयोजित बालश्रममुक्त वडा घोषणाको औपचारिक कार्यक्रममा वडा भित्रका ६५ जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा बालश्रम नगराउनका लागि उपस्थित सम्पूर्ण सरोकारवालाहरुले मन्तव्य राख्नु भएको थियो ।मन्तव्य पछि घरधुरी सर्भेक्षणबाट पहिचान भएका २० जना सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई शैक्षिक सामाग्री विद्यालय पोशाक र झोला वितरण गरिएको थियो । कार्यक्रममा वडा भित्रका यातयात व्यवसायी, होटल व्यवसायी, निर्माण व्यवसायी, कृषक, योजना /आयोजनाका पदाधिकारीहरु, विभिन्न

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

संघ/सस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक,यूवा क्लब,आमा समूह, जनप्रतिनिधिहरुले बालबालिकाहरु लाई श्रममा संलग्न नगर्ने र नगराउने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।

**कार्यक्रम सञ्चालन गर्न प्रयोगमा ल्याईएको तरिका**

- ११०० भन्दा बढी घरधुरी सर्भेक्षण गरी बालश्रम भए नभएको एकिन गरिएको,
- सर्भेक्षणबाट १५० जना जोखिमयुक्तअवस्थाका बालबालिका पहिचान गरिएको,
- बालश्रम मुक्त गाउँपालिका बनाउनका लागि अभिभावकहरूसँग अन्तर्क्रिया गरिएको,
- सबै प्रकारका बालश्रमिकहरूको लागि मनोपरामर्श कार्यक्रम सञ्चालन गरिएको,
- सरकारी निकायको समन्वयमा बालश्रममा परेका बालबालिकाको उद्धारको व्यवस्था गर्ने सम्बन्धित सरोकारवालाहरु बाट प्रतिबद्धता प्राप्त गरिएको,
- बालश्रमिकहरूलाई विद्यालयमा भर्ना गराई विद्यालयमा टिकाइराख्न छनोट भएका सम्भावित जोखिमयुक्त बालबालिकाहरुलाई विद्यालय पोशाक, झोला र शैक्षिक सामाग्री वितरण गरिएको,
- बालश्रम निवारणकोलागिसचेतनामुलक ब्रोसर र बोर्ड निर्माण गरि प्रत्येक वडाहरुमा वितरण गरिएको।
- कार्यक्रमको लागत र लागत व्यहोर्ने स्रोत

  क) कार्यक्रम सञ्चालनको क्रममा

  आ. व २०७६/०७७ मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट रु ३ लाख

  आ. व २०७८/०७९ मा गाउँपालिकाबाट रु ४ लाख २८ हजार

  ख) कार्यक्रम सम्पन्न पश्चात
- बालश्रमिकका अभिभावकहरुलाई दिगो रोजगारी सिर्जनाका लागि विभिन्न कार्यहरु गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट चालु आ व मा रु २ लाख प्राप्त हुने।

**कार्यक्रमको सम्पादन तथा सञ्चालनबाट प्राप्त नतिजा**

- नेपालको संविधनले परिलक्षितगरेको बालश्रम मुक्त समाज निर्माणको लागि बालश्रम सम्बन्धी सामाजिक संस्कारमा अनुकुल परिवर्तन आई बालबालिकालाई श्रममा पठाउने संस्कारको अन्त्य भएको ।
- बालश्रममा रहेका बालबालिकाको सामाजिक तथा आर्थिक रूपमा समाजमा एकीकरण भई उनीहरू बालश्रम मुक्त भएका ।
- बालश्रम सम्बन्धी स्थानीय प्रतिवद्धता पुरा भई राष्ट्रियस्तरमा पालिकको प्रतिष्ठा उँचो भएको ।
- यस कार्यक्रमको माध्यमबाट बालबालिकाले शिक्षा सम्बन्धी हक तथा बालश्रम विरूद्धका हक प्राप्त गरेका ।
- बालश्रम मुक्त पालिका निर्माणको लागि स्थानीय तथा सरोकारबालहरू जागरुक भएका ।
- अन्तत बालश्रम मुक्त गाउँपालिकाभएको।

**सम्पादित कार्यक्रमले स्थानीय समुदायमा पारेको सकारात्मक प्रभाव**

- बालश्रम मुक्त गाउँपालिका निर्माणको लागि स्थानीय तथा सरोकारबालहरू जागरूक भएका,
- बालश्रम सम्बन्धी स्थानीय प्रतिवद्धता पुरा भई राष्ट्रिय स्तरमा गाउँपालिकाको प्रतिष्ठा उँचो भएको,
- बालबालिकाहरु आफ्नो हक, अधिकार प्रति सचेत भएका ।

प्रतिवेदक

सावित्रा सुवेदी

सहायक महिला विकास निरीक्षक

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत